# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) हेटौंडा, नेपाल, वैशाख २१ गते, २०८३ साल (सङ्ख्या ०३


## भाग ३

### बागमती प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालय

हेटौंडा, नेपालको

## सूचना

<u>दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन तथा विस्तारित अस्पताल सेवा सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२</u>

दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन तथा विस्तारित अस्पताल सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन तथा विस्तारित अस्पताल सेवा सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **<u>दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन तथा विस्तारित अस्पताल सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को दफा २ मा संशोधनः</u>** दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन तथा विस्तारित अस्पताल सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८० (यसपछि मूल कार्यविधि भनिएको) को दफा २ को खण्ड (च) को सट्टामा देहायको खण्ड (च) राखिएको छः-

"(च) "विशेषज्ञ चिकित्सक" भन्नाले चिकित्साशास्त्र विषयमा स्नातकोत्तर वा सो सरह वा सो भन्दा माथिको उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा विशेषज्ञ चिकित्सकको रुपमा नाम दर्ता भई प्रदेश मातहतका अस्पतालहरुमा आठौं तह वा सो भन्दा

माथिको पदमा स्थायी पद वा मन्त्रालयको स्थायी दरबन्दीमा करारमा कार्यरत चिकित्सक सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम निःशुल्क वा छात्रवृत्तिमा अध्ययन पश्चात काम गर्नको लागि खटाइएको चिकित्सकलाई समेत जनाउँछ।"

३. **मूल कार्यविधिको दफा ३ मा संशोधनः** मूल कार्यविधिको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. **कार्यक्रम लागु हुने निकायः** (१) दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला बाहेकका प्रदेश अस्पतालहरूमा लागु हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित कार्यक्रमको अतिरिक्त विशेषज्ञ चिकित्सकको उपलब्धता सुनिश्चित गरी अनुसूची-१ बमोजिमको अस्पतालमा विशिष्टीकृत सेवा प्रदान गर्न विशेष प्रोत्साहन योजना कार्यान्वयन गर्न सकिनेछ।"

४. **मूल कार्यविधिको दफा ४ मा संशोधनः** मूल कार्यविधिको दफा ४ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम प्रदान गरिने प्रोत्साहन सुविधा दफा ३ को उपदफा (१) बमोजिमका अस्पतालहरुमा

अनुसूची-१क. बमोजिम र अनुसूची-१ बमोजिमको विशिष्टीकृत सेवाको हकमा अनुसूची-१ख. बमोजिम प्राप्ताङ्कको आधारमा प्रतिशत कायम गरी सोही आधारमा बढीमा शतप्रतिशत सुविधा उपलब्ध गराउन सकिनेछ।"

(२) उपदफा (३) को खण्ड (क) मा देहाय बमोजिमको प्रतिवन्धात्मक वाक्यांश थप गरिएको छः-

"तर नेपाली पात्रो अनुसार तीस दिनभन्दा कमको कुनै महिना भएमा सो महिनाको सार्वजनिक बिदा (शनिबार) बाहेकका दिनहरुको कामकाजलाई शतप्रतिशत मानी प्रोत्साहन भत्ता उपलब्ध गराउन बाधा पर्ने छैन।"

(३) उपदफा (३) पछि देहायको उपदफा (४) थप गरिएको छः-

"(४) विशेषज्ञ चिकित्सकले आफ्नो विषय विज्ञता अनुसारको कामकाज, मर्निङ कन्फरेन्स, सि.एम.ई./सि.एन.ई. लगायत अस्पतालको गुणस्तरीय स्वास्थ्य सेवालाई मद्दत पुग्ने गरी कार्य गर्नु पर्छ।"

५. **<u>मूल कार्यविधिको दफा ११ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ११ को उपदफा (१) मा रहेका "दफा ३" भन्ने शब्दहरु पछि ",दफा ५ को उपदफा (१)" भन्ने शब्दहरु थप गरिएका छन्।

६. **<u>मूल कार्यविधिको अनुसूची-१ मा संशोधनः</u>** मूल कार्यविधिको अनुसूची-१ को सट्टा देहायको अनुसूची-१ राखिएको छः-

**"अनुसूची- १**

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**<u>विशेषज्ञ चिकित्सक व्यवस्थापनको लागि अस्पताल र विशिष्टीकृत सेवाको वर्गीकरण</u>**

| **अस्पतालको नाम** | **विशेषज्ञ चिकित्सक तथा सम्बन्धित क्षेत्रमा प्रदान गरिने सेवा** | **कैफियत** |
|---|---|---|
| चौतारा अस्पताल, सिन्धुपाल्चोक | जनरल सर्जन, एनेस्थेसियोलोजिष्ट, स्त्री तथा प्रसुति रोग विशेषज्ञ, हाड जोर्नी रोग विशेषज्ञ, बालरोग विशेषज्ञ, | |
| रसुवा अस्पताल, रसुवा | | |
| पशुपति चौलागाईं अस्पताल, दोलखा | | |
| रामेछाप अस्पताल, रामेछाप | | |
| सिन्धुली अस्पताल, सिन्धुली, | | |
| हेटौंडा अस्पताल, मकवानपुर | न्यूरो फिजिसियन/सर्जन, मुटु रोग विशेषज्ञ, एनेस्थेसियोलोजिष्ट, मृगौला रोग विशेषज्ञ | सम्बन्धित क्षेत्रमा विशिष्टिकृत सेवा सञ्चालन" |

७. **<u>मूल कार्यविधिमा अनुसूची-१क र अनुसूची-१ख थपः</u>** मूल कार्यविधिमा अनुसूची-१ पछि देहाय बमोजिमका अनुसूची-१क. र अनुसूची-१ख. थप गरिएका छन्ः-

**"अनुसूची- १क.**

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

<u>विशेषज्ञ चिकित्सक प्रोत्साहन सुविधाको दर</u>

| **क्र.सं.** | **भौगोलिक स्थान** | **न्यूनतम सेवा मापदण्ड अङ्क** | **प्रोत्साहन सुविधाको दर** |
|---|---|---|---|
| १ | काठमाडौं उपत्यका (काठमाडौं, भक्तपुर र ललितपुर) | जति भएपनि प्राप्त नहुने | प्रोत्साहन सुविधा प्राप्त नहुने |

| क्र.सं. | भौगोलिक स्थान | न्यूनतम सेवा मापदण्ड अङ्क | प्रोत्साहन सुविधाको दर |
|---|---|---|---|
| २ | रसुवा | ८० प्रतिशत वा सो भन्दा बढी भएमा | आधारभूत तलवमानमा १२५ प्रतिशत |
| | | ६० देखि ७९ प्रतिशत भएमा | आधारभूत तलवमानमा १०० प्रतिशत |
| | | ४० देखि ५९ प्रतिशत भएमा | आधारभूत तलवमानमा ७५ प्रतिशत |
| ३ | दोलखा, रामेछाप र सिन्धुली | ८० प्रतिशत वा सो भन्दा बढी भएमा | आधारभूत तलवमानमा १०० प्रतिशत |
| | | ६० देखि ७९ प्रतिशत भएमा | आधारभूत तलवमानमा ७५ प्रतिशत |
| | | ४० देखि ५९ प्रतिशत भएमा | आधारभूत तलवमानमा ५० प्रतिशत |
| ४ | नुवाकोट, धादिङ्ग, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक | ८० प्रतिशत वा सो भन्दा बढी भएमा | आधारभूत तलवमानमा ७५ प्रतिशत |
| | | ६० देखि ७९ प्रतिशत भएमा | आधारभूत तलवमानमा ५० प्रतिशत |
| | | ४० देखि ५९ प्रतिशत भएमा | आधारभूत तलवमानमा २५ प्रतिशत |
| ५ | चितवन र मकवानपुर | ८० प्रतिशत वा सो भन्दा बढी भएमा | आधारभूत तलवमानमा ५० प्रतिशत |
| | | ६० देखि ७९ प्रतिशत भएमा | आधारभूत तलवमानमा ३५ प्रतिशत |
| | | ४० देखि ५९ प्रतिशत भएमा | आधारभूत तलवमानमा २५ प्रतिशत |

# अनुसूची- १ख.

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## विशेषज्ञ चिकित्सक प्रोत्साहन सुविधाको दर

| क्र.स. | कार्यसम्पादन | अंक भार | प्राप्त अंक |
|---|---|---|---|
| १. | सम्बन्धित विषय विज्ञता सम्बन्धी सेवा प्रदान गरेको | १० | बढीमा १० |
| २. | Morning conference, CME/ CNE मा सक्रिय सहभागिता रहेको | ५+५ | बढीमा १० |
| ३. | अनुशासन, आचरण, शिष्टचार भएको | ५ | बढीमा ५ |
| ४. | समयको पालना तथा नियमितता भएको | ४+१ | बढीमा ५ |
| ५. | २४ घण्टा अन कल सेवा प्रदान गरेको | १० | बढीमा १० |
| ६. | सार्वजनिक बिदाको दिन सेवा प्रदान गरेको | ५ | बढीमा ५ |
| ७. | विभागीय मासिक तथ्याङ्क भेरिफीकेसन, Mortality/Morbidity/MPDSR Review मासिक रुपमा सम्पादन गर्ने गरेको | १० | बढीमा १० |
| ८. | सम्बन्धित अस्पतालमा कार्यावधि | < ६ महिना = २<br>६ महिना - १ वर्ष = ४<br>१ वर्ष - २ वर्ष =६<br>>२ वर्ष = ८ | बढीमा ८ |
| ९. | सरोकारवालासँगको समन्वय | ५ | बढीमा ५ |
| १०. | MSS Score | ≥८५% = ३२<br>७०-८४% = २५<br>५०-६९% = २०<br><५०% = १५ | बढीमा ३२ |

| क्र.स. | कार्यसम्पादन | अंक भार | प्राप्त अंक |
|---|---|---|---|
| | जम्मा | १०० अंक | बढीमा १०० |
| | प्रतिशत (%) | १०० | १०० |
| प्रोत्साहन सुविधाको दर | | १०० प्रतिशतलाई आधारमानी मूल्याङ्कनको आधारमा प्राप्त प्रतिशत बराबर" | |

**आज्ञाले,**
**डा. सुमित्रा गौतम**
**प्रदेश सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. ५।-